

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १८ गते शनिबार ❑ 1 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा ४३ हजार एक सय ६४ विद्यार्थी एसइई दिँदै

**पोखरापत्र संवाददाता**

पोखरा, १७ चैत

माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षामा गण्डकी प्रदेशबाट ४३ हजार एक सय ६४ विद्यार्थी सहभागी भएका छन् ।

शुक्रबारदेखि सुरु भएको परीक्षामा सहभागी विद्यार्थीमध्ये साधारणतर्फ ४१ हजार पाँच सय १६ विद्यार्थी रहेको प्रदेश शिक्षा निर्देशनालय, गण्डकी प्रदेशका प्रमुख अम्बिका आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार परीक्षामा प्राविधिकतर्फ एक हजार तीन सय ७६ विद्यार्थीले परीक्षा दिँदैछन् भने ग्रेड वृद्धिको परीक्षा दुई सय ७२ जनाले दिँदैछन् । कास्की जिल्लामा यस वर्षको एसइईमा १० हजार चार सय ४२ जना विद्यार्थी सहभागी भएको जिल्ला शिक्षा समन्वय इकाई प्रमुख नारायण सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा साधारणतर्फ १० हजार एक सय ४३ र प्राविधिकतर्फ दुई सय नौजना विद्यार्थी परीक्षामा सहभागी बन्दैछन् भने ग्रेड वृद्धि परीक्षा दिने ८६ छन् ।

एसइईको पहिलो दिन शुक्रबार अङ्ग्रेजी विषयको परीक्षा सौहार्दपूर्ण रूपमा सञ्चालन भएको उहाँले बताउनुभयो ।

## तनहुँको समग्र विकासका लागि भट्टराईलाई निर्वाचन जिताउनुपर्छ : कांग्रेस नेता

**पोखरापत्र संवाददाता**

पोखरा, १७ चैत

नेपाली कांग्रेसका नेताहरूले तनहुँको समग्र विकासका लागि वैशाख १० मा हुने तनहुँ क्षेत्र नं १ को उपनिर्वाचनमा कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईलाई जिताउन जरुरी रहेको बताएका छन् ।

कांग्रेस तनहुँ-काठमाडौं सम्पर्क समितिले आज यहाँ आयोजना गरेको 'उम्मेदवार परिचयात्मक कार्यक्रम' मा उनीहरूले तनहुँलाई कांग्रेसको किल्लाका रुपमा स्थापित गराउन उपनिर्वाचनमा पार्टीका उम्मेदवार भट्टराईलाई जिताउनुपर्ने बताएका हुन् । कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले तनहुँमा कांग्रेसका उम्मेदवार भट्टराईलाई चुनाव जिताउन आफूले नेतृत्व लिने बताउनुभयो । "तनहुँको समग्र विकासका लागि कांग्रेसको जित आवश्यक छ", उहाँले भन्नुभयो । कांग्रेस केन्द्रीय सदस्य एवं उपनिर्वाचनका उम्मेदवार गोविन्द भट्टराईले पार्टीले अघिल्लो निर्वाचनमा गरेका प्रतिबद्धता पूरा गर्नका लागि आफूले उम्मेदवारी दिएको बताउनुभयो । उहाँले आफूले विगतमा गरेका कामका आधारमा तनहुँका जनताले आफूलाई जिताउने विश्वास व्यक्त गर्नुभयो । कांग्रेस केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य प्रदीप पौडेलले तनहुँको विकासका लागि आफू लाग्ने विश्वास व्यक्त गर्नुभयो । कांग्रेस तनहुँ-काठमाडौं सम्पर्क समितिका सभापति उत्तम मिश्र, नेपाली कांग्रेसका केन्द्रीय सदस्य संविधानसभा सदस्य रामचन्द्र पोखरेल, कांग्रेस तनहुँका पूर्वसभापति रघुनाथ पौडेल, कांग्रेस तनहुँका नेता समुन्द्र गोदारलगायतले तनहुँको विकासको खाका कोरेर निर्वाचनमा होमिनुपर्नेमा जोड दिनुभएको थियो ।

## रास्वपाद्वारा उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक

**पोखरापत्र संवाददाता**

पोखरा, १७ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा भाग लिने उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक गरेको छ ।

रास्वपाले बिहीबार चितवन क्षेत्र नं २, तनहुँ क्षेत्र नं १ र बारा क्षेत्र नं २ मा हुन लागेको उपनिर्वाचनका लागि पार्टीका तर्फबाट भाग लिने उम्मेदवार चयन गर्न पार्टीको विधानको धारा ७१ बमोजिम प्रारम्भिक सूची सार्वजनिक गरेको हो ।

रास्वपाले चितवन क्षेत्र नं २ मा रवि लामिछाने, तनहुँ क्षेत्र नं १ मा डा स्वर्णिम वाग्ले, ईश्वर लामिछाने र डा रुपक विक घिमिरे तथा बारा क्षेत्र नं २ मा रमेश खरेल र युवराज न्यौपानेको नाम सार्वजनिक गरेको पार्टीका महामन्त्री एवं प्रवक्ता डा मुकुल ढकालले जानकारी दिनुभयो ।

सो पार्टीले प्रारम्भिक उम्मेदवारी उपरको दाबी विरोध गर्ने समय आज दिउँसो ११ बजेसम्मका लागि तय गरेको प्रवक्ता डा ढकालले बताउनुभयो ।

## सरकारले पूर्णता पायो, अब देशमा विकासले गति लिन्छ : प्रधानमन्त्री दाहाल

**रासस**

काठमाडौं, १७ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुक र जनतासामु देखिएका अहिलेका सबैखाले चुनौतीको समाधान गरिने विश्वास दिलाउनुभएको छ ।

रिपोर्टर्स क्लब नेपालको २५औं वार्षिकोत्सव (रजत महोत्सव) को अवसरमा यहाँ आज आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "मेरो यो कार्यकालको कुरा गर्दा म सुशासन, सामाजिक न्याय र समृद्धिको सपना बोकेर जनताको अगाडि खडा छु, सरकारलाई पूर्णता दिएको छु, मूलभूत रूपमा सरकारले पूर्णता पाएको छ, अब विकासका कामले गति लिनुपर्छ ।" प्रधानमन्त्री दाहालले देश अहिले आर्थिकरूपले अप्ठ्यारो अवस्थामा गुज्रिएको टिप्पणी गर्दै देशमा सुशासनलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सरकारको एक सय दिन पुगेको अनुभव सुनाउँदै भन्नुभयो, "मैले पहिलोपटक क्याबिनेट बस्दा अर्थतन्त्रको सुधारको कुरा गरेको थिएँ, जनताले लिने सेवामा पनि सास्ती घटाउने कुरा गरेको थिएँ, अहिले ती कुरा हेर्दा सुधार भएको अनुभव छ, सुधार गर्न सकिन्छ भन्ने विश्वास बढेको छ ।" विप्रेषणको स्थितिमा गुणात्मक सुधार गर्नुका साथै राजस्व सङ्कलनमा पनि सुधार गर्ने र विदेशी सञ्चिति अझै सुधार गर्ने बताउँदै उहाँले आफूले प्रधानमन्त्रीको हैसियतमा अर्थ मन्त्रालय र राष्ट्र बैंकका गभर्नरसँग पटक-पटक बैठक बसेर आर्थिक क्षेत्रमा देखिएको समस्या हल गर्न पहल गरेको जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालले मुलुकका सामु समस्या भए पनि अब सबैले मिलेर समाधान गरिने विश्वास व्यक्त गर्दै भन्नुभयो, "सबैको सहयोगले दिगो समाधान गर्न सकिन्छ, गत साल नेपालमा श्रीलङ्का बन्छ भन्ने आतङ्क जस्तो थियो, हामी नयाँ राजनीतिक पहलका साथ अघि बढ्दैछौं ।" उहाँले नेपालको पत्रकारिता क्षेत्रले राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै देशको परिस्थितिमा सुशासन र न्यायका लागि सबैले मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

## प्रदेश खेलकुद परिषदको सदस्य सचिव छनौटमा उपयुक्त उमेदवारहरुलाई मात्र परीक्षामा समावेस गराउन अदालतको आदेश

**पोखरापत्र संवाददाता**

पोखरा, १७ चैत

गण्डकी प्रदेशमा प्रदेश खेलकुद परिषदको सदस्य सचिव नियुक्ति प्रकृयामा प्रारम्भिक (पूर्व) छनौट उपयुक्त उमेदवारहरुलाई मात्र परिक्षामा समावेस गराउन उच्च अदालत पोखराले आदेश दिएको छ ।

खेलकुद परिषदको सदस्य सचिव पदको न्यूनतम शैक्षिक योग्यता भित्र रहेको राष्ट्रिय प्रतियोगिता खेलेको हुनुपर्ने, ऐनको दफा १७ (२ ङ) बमोजिम सार्वजनिक लाभको पद प्राप्त नगरेको हुनुपर्ने र राष्ट्रिय खेलसंग आवद्ध र सम्बन्धित खेलकुद संघमा आवद्ध रहेको आयोजकले आयोजना गरेको खेलकुदमा सहभागि हुनुपर्ने सम्बन्धित अधार (योग्यता) हरु एन बमोजिम बाध्यात्मक योग्यताका बिषयहरु रहेको शुक्रबार आदालतले जारी गरेको अन्तरिम आदेशमा उक्त कुरा उल्लेख गरिएको छ। तोकिएको मिति २०७९/१२/१९ को अर्न्तवार्ता र प्रस्तुतीकरण परिक्षा लिनु अगाडी पर्न आएका दरखास्तवालाहरुको उपरोत्तानुसारको योग्यता र अनुभवको बिषयमा हेरी, अन्तरवार्ता वा प्रस्तुतीकरण परिक्षाका लागि योग्यता परिक्षण सम्बन्धी प्रारम्भिक छनौट गरी उपयुक्त देखिने उम्मेदवार/दरखास्तवालाहरुलाई मात्र सम्बन्धी परिक्षामा सामावेश गर्न आलतले आदेश दिएको छ ।

पूर्व सूचना अनुसार मिति २०७९/१२/१९ गतेको परिक्षा संचालन गर्नु पूर्व उल्लिखित योग्यता पुगे नपुगेको बिषयमा छानविन (जाँच बुझ) कार्यको अभावबाट रिक्त पदको पुर्ति सम्बन्धी छनौट कार्यको स्वच्छता, स्वास्थ्यता र वैधानिकतामा समेत प्रतिकुल असर पर्ने देखिएकोले विपक्षिमध्यको सामाजिक बिकास तथा स्वास्थ्य( युवा तथा खेलकुद) मन्त्रालय, मन्त्री (संयोजक सिफारिस समिति) मन्त्रालयका सचिव र खेल विज्ञका रुपमा रहेका हरिप्रसाद पराजुलीको नाउँमा अन्तरिम आदेश जारी गरेको हो । बरिष्ठ अधिवक्ता मुकुन्दराज अर्याल तथा विद्धान अधिवक्ता कमल पौडेल र निवेदन अधिवक्ता श्रीधर शर्माले शुक्रबार बहस गरेका थिए । कम्तिमा राष्ट्रिय खेल खेलेको र अधिकृत सम्मको योग्यता हुनु पर्नेमा दोश्रो पटक दरखास्त आव्हान गरिएको विज्ञापनमा हटाएको कारण आफुले अदालतमा रिट निवेदन पेश गरेको श्रीधर शर्माले बतए । उक्त निर्णय बिरुद्ध उच्च अदालत पोखरामा अन्तरिम आदेश हुदा हुदै त्यसलाई अटेरी गरी विभागिय मन्त्रालयले नियुक्ति प्रकृया अघि बढाउने तयारी गरेकोले पुनः चौथो पटक अदालतमा रिट निवेदन दिएको शर्माले जनाए ।

सदस्य सचिवको पदमा उमेदवार दिएका मध्यविन्दु नगरपालिका २, नवलपुरका श्रीधर शर्माले अदालतको आदेश विपरित अल्पमतमा परेको सरकारले आफ्ना कार्यकर्तालाई भर्ती गराउने गरी नियुत्ति गर्न खोजेको आरोप लगाए । शर्माले पुनः विहिबार उच्च अदालतमा रिट निवेदन पेश गरेका थिए । मन्त्रालयका सचिव हेमप्रसाद सुवेदीले अदालतले दिएको आदेश आफुहरुले पालना गर्ने बताए । उच्च अदालतको आदेश पालना गर्नु आफ्नो कर्तव्य भएकोले कसैको प्रभाव र दबाबमा नपर्ने उनको भनाई छ । यसैबिच, नेपाल लोकतान्त्रिक खेलकुद संघ पादेशिक कार्यालय गण्डकी प्रदेशले न्यूनतम योग्यता नपुगेका व्यक्तिहरुको दरखास्त दर्ता गरिएको र त्यस्ता उम्मेदवालाई यही चैत १९ गते हुने भनिएको प्रस्तुतीकरण र अर्न्तवार्ता तत्काल रोक्न माग गरेको छ ।

न्यूनतम योग्यता नै नपुगेका व्यक्तिहरु समेत सहभागिता गराई आफ्नो अनुकुलमा दोश्रो पटक विज्ञापन खुलाई सदस्य सचिव पदमा नियुत्त गर्ने प्रकृया अर्न्तगत चैत १९ गते हुने भनिएको उमेदवारहरुको प्रस्तुतीकरण र अर्न्तवार्ता रोकिनु पर्ने माग गर्दै संघले विहिबार मुख्यमन्त्री तथा पत्रिपरिषदको कार्यालय र विभागिय मन्त्रालयमा ज्ञापन पत्र समेत बुझाएको संघका कार्यावहाक अध्यक्ष बिद्या मरर्सानीले बताए । न्यूनतम योग्यता नै नपुगेका व्यक्तिहरु समेत सहभागिता गराई लिन लागिएको प्रस्ततीकरण र अर्न्तवार्ता उच्च अदालतलको अन्तरिम आदेश विपरित समेत रहेको अध्यक्ष मरर्सानीले जनाए । न्यूनतम योग्यता नपुगेका व्यक्तिहरुको दरखास्त दर्ता गरिएको र त्यस्ता उम्मेदवालाई समेत प्रस्तुतीकरण र अर्न्तवार्तामा सहभागि गराउने गरी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयबाट चैत १९ गते सबै उम्मेदवारलाई आमन्त्रण गरिएको सूचनाले आफुहरुको गम्भिर ध्यानार्कषण भएको अध्यक्ष मरर्सानीले बताए । सदस्य सचिवको रिक्त पदमा पदपुर्तिका लागि भएको २०७९ पुष ६ गतेको विज्ञापनमा तोकिएको न्यूनतम शैक्षिक र खेलकुदको अनुभव सम्बन्धी योग्यता विपरित दोश्रो पटक प्रकाशित विज्ञापनको संशोधित योग्यता र अनुभवका बिरुद्ध उच्च अदालत पोखरामा पेश भएको रिट निवेदनको माग बमोजिम अन्तरिम आदेशबाट खारेज भई साविक २०७९ पुष ६ गतेको पहिलो पटक सूचनाको योग्यता र अनुभव नै कायम गरेको संघको दाबी छ । पहिलो पटक प्रकाशित भएको सूचनामा खेलकुदको अनुभव तर्फ कम्तिमा नेपाल सरकार/प्रदेश सरकार वा राष्ट्रिय खेलकुद परिषदद्धारा आयोजित कुनै पनि खेलको राष्ट्रिय प्रतियोगिता सहभागि भएको र खेलकुद क्षेत्रमा योगदान पुर्याएको हुनुपर्ने, नेपाल सरकार वा सम्बन्धित संस्थामा कम्तिमा अधिकृत स्तरको कार्यअनुभव भएको हुनुपर्ने सहित स्नातक तह उत्तिण हुनु पर्ने न्यूनतम योग्यता उल्लेख भएको थियो ।

पहिलो पटक सार्वजनिक भएको सूचनामा वेवसाइडमा नेपाली नागरिक हुनु पर्नेमा प्रदेशको नागरिक भएको कारण उच्च अदालतमा रिट निवेदन परेकोले पुनः आवेदन गर्न दिएको आदेश बमोजिम पुनः दोश्रो पटक आव्हान गरिएको दखास्तमा ३ जनाको उम्मेदवारी परेको परिषदले जनाएको छ । पछिल्लो पटक आवेदन दिनेहरुमा पोखरा २९ का बिष्णु पुन, पर्वत फलेवास ११ का केशव पाठक र मोदी २ पर्वतका प्रेम शर्मा सुवेदी रहेका छन्।

पहिलो पटक आवेदन दिनेहरुमा कावासोती नगरपालिका १४ नवलपुरका सरोज महतो, मध्यविन्दु नगरपालिका २,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा एसियन कप ट्रायथलनको तयारी पूरा

**पोखरापत्र संवाददाता**

पोखरा, १७ चैत

पर्यटकीय सहर पोखरामा भोलिदेखि सुरु हुने एसियन कप तथा दक्षिण एसियन ट्रायथलन च्याम्पियनसीपको सम्पूर्ण तयारी पूरा भएको छ । प्रतियोगितामा प्रतिस्पर्धा गर्न नेपालसहित विदेशबाट खेलाडी तथा प्राविधिक पोखरा आइपुगेका छन् । नेपाल ट्रायथलन सङ्घको आयोजनामा हुने च्याम्पियनसीपमा लेकसाइडमा ट्रायथलनको 'स्प्रिन्ट' विधामा प्रतिस्पर्धा हुनेछ । फेवा तालमा सात सय ५० मिटर पौडी, २० किलोमिटर साईक्लिङ र पाँच किलोमिटर दौड हुनेछ । पौडी फेवा तालमा गराइने छ । दौड आम्बोट-सहिद चोक, ड्यामसाईड राष्ट्र बैंक चोक हुँदै-आम्बोटमा पुगेर टुङ्गिने रुट तय गरिएको छ । महिला तथा पुरुष दुवै स्पर्धामा प्रतिस्पर्धा हुने


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. -५२०६५१

# पोखरामा फोनिज गण्डकीको अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत




नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीको आयोजनामा अन्तरक्रिया कार्यक्रम भएको छ।

गण्डकी प्रदेशको राजधानी पोखरामा पोखराको समृद्धि र पत्रकारको भूमिका विषयक अन्तरक्रिया गरिएको हो।

कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखराको समृद्धि र यहाँको पर्यटन क्षेत्रको प्रचार प्रसारमा पत्रकारको भूमिका रहने बताए। कोरोनाले सुस्ताएको पर्यटक चलायमान बनाउन आम सञ्चारको ठूलो जिम्मेवारी रहेको उनको भनाई थियो। पोखराको समृद्धिको मुख्य स्रोत भनेकै पर्यटन भएकाले संरक्षण र प्रवर्द्धनमा जोड दिनुपर्ने उनको भनाई थियो। पोखरामा भएका पर्यटनको सम्भावनालाई उजागर गर्न र पर्यटन प्रवर्द्धन गर्न पोखरा महानगर सधैं फोनिजसँग हातेमालो गर्त तयार रहेको उनले बताए। सो अवसरमा पोखरा महानगरले अहिले सम्म गरेका र आगामी योजनाका बारेमा सुनाएका थिए। फोनिजका संघीय सल्लाकार हुमबहादुर गुरुङले पोखराका समृद्धिमा पत्रकारले सधैं साथदिने बताए।

विशेषगरी समुदायगत पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि पोखरा महानगरले योजना बनाउनुपर्ने उनको धारणा थियो। फोनिज गण्डकीका अध्यक्ष रुद्र श्रीष मगरले पोखरा महानगरसँग सहकार्य गर्दै आदिवासी जनजातिको उत्थानका लागि उत्कृष्ट कार्यक्रम गर्न तयार रहेको बताए।

# कृस्ती निर्मलपोखरी क्षेत्र पर्यटकको रोजाईमा किन पर्न सकेन ?

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत



पोखरा महानगरपालिका अन्तरगत सराङकोट, कृस्ती, निर्मलपोखरी र काहुँ डाँडा पर्यटकीय दृष्टीकोणले महत्वपूर्ण प्राकृतिक सम्पदा हुन तर अन्य ठाउँहरुमा पर्यटकको चहलपहल वढिरहँदा कृस्ती निर्मलपोखरी क्षेत्र किन पछि ? भन्ने विषयमा वृहत छलफल गर्न रामनवमीको अवसरमा २१ नं. वडा कार्यालयले फोक्सिङकोट कालिका मन्दिरको प्राङ्गणमा भेलाको आयोजना गरेको थियो।

उक्त कार्यक्रममा प्रमुख अतिथि संघिय सांसद विद्या भट्टराई अधिकारी र पोखराका मेयर धनराज आचार्य सहभागी भएका थिए। कार्यक्रमको उद्घाटन पनि सम्युक्त रुपमा गरेका उनिहरुले समग्र वडाको विकासको खाका लिएर आउन अनुरोध गर्दै साना साना टुक्रे कार्य भन्दा ठुला ठुला योजना ल्याउन आग्रह गरेका थिए। सो अवसरमा जिल्ला समन्वय समिति कास्कीकी सिता विक, निवर्तमान वडा अध्यक्ष खगराज आचार्य, लेखनाथ नगरपालिकाका निवर्तमान प्रमुख शालिकराम पौडेलले वडाको विकासमा सबैको हातेमालो आवश्यक पर्ने वताउँदै योजना छनौट नै पहिलो प्राथमिकता हुन पर्ने वताएका थिए। उक्त कार्यक्रममा आयोजकका तर्फबाट प्रा.डा. रामचन्द्र पोख्रेल, डा. सिपि आचार्य, सुर्य बहादुर रानाभाट लगाएतले वडाको संस्कृति, कला, साहित्य र स्वास्थ्यको विकास कसरी गर्ने, गाउँको आवास, कृषि, शिक्षा, स्वास्थ्यलाई कसरी आधुनिकीकरण र व्यवस्थित गर्ने, विकासको स्थितिलाई कसरी प्राथमिकीकरण गर्ने, वडाको वनपैदावर, मठमन्दिर, पुरातात्विक स्थितिलाई कसरी अभिलेखिकरण गर्ने, वसाई सराइको समस्यालाई कसरी न्युनिकरण गर्ने, नगरपालिका, प्रदेश र संघलाई विकास निर्माणमा वडा संग कसरी समन्वय गराउने लगाएतका विषयमा वोलेका थिए। वडा अध्यक्ष दिपक सुवेदीको अध्यक्षतमा भएको कार्यक्रमको संचालन सोमनाथ भण्डारीले गरेका थिए।

उक्त कार्यक्रमको उद्धेश्य वडाको संरक्षकत्वमा राजनिति दलभन्दा माथि उठी एउटा विशुद्ध सेवामुखी र विकास मुखी संस्था गठन गर्ने भएतापनि संस्थालाई पुर्णता दिन नसकिएको आयोजकले वताए।

## पोखरामा...

छ। दुवाथोलनमा पाँच किलोमिटर दौड, २० किलोमिटर साइक्लिङ र साढे दुई किलोमिटर दौडको दुवाथलन हुनेछ।

च्याम्पियनसीपमा पुरुषतर्फ नेपालसहित लक्जम्वर्ग, उज्वेकिस्तान, जापान, उरुग्वे, अष्ट्रिया, अष्ट्रेलिया, कजाकिस्तान, स्लोभाकिया, युएई, प्यालेस्टाइन, न्यूजिल्याण्ड र भारतका गरी १२ देशका ४७ खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने सङ्घका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले जानकारी दिनुभयो। महिलातर्फ जापान, रोमानिया, स्लोभाकिया, उज्वेकिस्तान, मरिसस, अल्जेरिया, भारत र नेपालका गरी आठ देशका १६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। शनिबार पहिलो दिन ट्राइयाथलन र दोस्रो दिन १९ गते दुवाथलनको प्रतिस्पर्धा हुनेछ।

# फेवा महोत्सव सफल पार्ने प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत



यही चैत २९ गतेबाट सुरु हुने फेवा नब वर्ष महोत्सवमा सुरक्षा र छुटको विषयलाई विशेष ध्यान दिन विभिन्न पर्यटकीय संघसंस्थाले सुझाव दिएका छन्।

आयोजक होटल संघ पोखरा नेपालले शुक्रबार महोत्सवका बारेमा सुझाव र सल्लाह लिन आयोजना गरेको छलफल कार्यक्रममा व्यवसायीले सुरक्षाको विषय संवेदनशिल भएको भन्दै महोत्सवमा कुनै अप्रिय घटना नहोस् भन्नेतर्फ सचेत रहनुपर्ने सुझाव राखे। यसैगरी महोत्सवकै समयमा रेष्टुरा र होटलमा खानबस्न तथा अन्य पर्यटकीय सेवामा के कस्तो छुट र सहुलियत छ भनी व्यवसायीले जिज्ञासा राखेका थिए।

चैत २९, ३० र वैशाख १ गते पोखराको लेकसाइड स्थित अम्मटदेखि हल्लनचोकसम्म फेवा नव वर्ष महोत्सव हुँदै छ। कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा ६ का अध्यक्ष विष्णुवहादुर भट्टराईले संघमा दर्ता नभएका होटलले महोत्सवको अवसरमा महंगो शुल्क अशुल्दा गलत सन्देश गएको अनुभव सुनाए। मुनाफा कम गरेर भए पनि यस्तो बेला उपभोक्तालाई छुट दिनसक्नुपर्ने सुझाव उनले राखे।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले फेवा महोत्सव एउटा ब्राण्डकै रुपमा स्थापित भइसकेको बताउँदै यसलाई अझै परिस्कृति र वृहत ब्राण्डिङ गरेर अगाडि बढ्नुपर्ने सुझाव राखे। सकेसम्म होटलहरुले कोठाको मूल्य पहिला नै सार्वजनिक गरेर प्रिबुकिङको सुविधा दिन सके राम्रो हुने सुझाव पनि उनले राखे। सामाजिक संजाल र अन्य डिजिटल माध्यमबाट प्रचारप्रशारको कामलाई तिव्रता दिनुपर्ने उनले बताए। सो अवसरमा बोल्दै संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले फेवा महोत्सव सबै पोखरेलीको महोत्सव भएको बताउँदै यसको सफलताका लागि सम्पूर्ण पोखरेलीले हातेमालो गरी अगाडि बढ्नुपर्ने आबश्यकता औंल्याए।

संघ अन्तर्गतका होटलहरुले कोठाको मुल्यमा विगतमा जस्तै प्रकाशित दररेटमा २० प्रतिशत छुटको व्यवस्था गरेको जानकारी पनि उनले गराए। रेवान पोखरासँग सहकार्य गरेर नै आफूहरुले महोत्सवलाई अगाडि बढाउन लागेको पनि उनले सुनाए। खाना, संस्कृति र पर्यटनलाई मुख्य जोड दिएर पर्यटन प्रवर्द्धन गर्ने तथा कोभिड- १९ बाट अफ्ठ्यारोमा परेको पर्यटनलाई पुनरुत्थान गर्ने उद्धेश्य महोत्सवले लिएको उनले बताए। पृथ्वी राजमार्गको जारी स्तरोन्नती कार्य र केही महिना अघि पोखरामा भएका जहाज दुर्घटनाले सिजनकै समयमा अहिले होटलको अकुपेन्सी निकै घटेको जाननकारी पनि उनले दिए। निःशुल्क प्रवेशको व्यवस्था रहेको महोत्सव अन्तर्गत चार नम्बर स्ट्रिट अगाडि र सेन्ट्रल प्यवान्टमा स्टेज स्थापना गरी सांस्कृतिक कार्यक्रम अयोजना हुने छन्। उद्घाटनको दिन झाँकी र र्‍याली निकालिने छ।

कार्यक्रममा सुझाव राख्दै टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले फेवा महोत्सवले पोखराको ब्राण्डिङमा सघाउ पुगेको बताए। नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारीले पोखरामा पर्यटकको बसाई लम्ब्याउनेतर्फ जोड दिनुपर्ने बताउँदै कनेक्टिभिटीको पाटोलाई ध्यान दिन सुझाव राखे। आयोजक संघका उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक गणेशराज पहारीले लेकसाइड क्षेत्रलाई साँझको समयमा स्थायी रुपमा उज्यालो बनाउन वडाले पहल अगाडि बढाउनुपर्ने र यसमा व्यवसायीको सहयोग रहने भनाई राखे। पार्किङ व्यवस्थित गर्न, डिजिटल बोर्डमा सांस्कृति कार्यक्रम देखाउन, होटलको प्याकेज ल्याउन, लेकसाइड झलमल पार्न, ठाउँठाउँमा सेल्फि बोर्ड राख्न, खानाको मूल्य र हाइजिनमा ध्यान दिन पनि सो अवसरमा सुझाव राखियो।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का सचिव हरि भुजेल, नेपाल पर्वतारोहण संघ गण्डकीका सदस्य शेषकान्त शर्मा, गाउँ पर्यटन प्रवर्द्धन मञ्च गण्डकीका अध्यक्ष उदय सुवेदी, महिला पर्यटन व्यवसायी मञ्चकी अध्यक्ष उमा रेग्मी भण्डारी, नेपाल पर्यटक यातायात व्यवसायी संघ गण्डकीका अध्यक्ष बाबुराम पाण्डे, परिषद्का सदस्य जीवनराज सापकोटा, पर्यटन व्यवसायी महिला संघ नेपालकी महासचिव अनिता खड्का भट्टराई, व्यवसायी वलराम गिरी लगायतले भनाई राखेका थिए। संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले धन्यवाद ज्ञापन गरे भने कार्यक्रमको संचालन महासचिव राजेन्द्र ढकालले गरेका थिए।

## प्रदेश...

नवलपुरका श्रीधर शर्मा, मध्यविन्दु ३ नवलपुरकै हरिकुमार चौधरी, पोखरा १२ कास्कीका कविता कोइराला, भक्तपुर नगरपालिका २ का मुना बासु कला, पोखरा २५ का मनिषा अधिकारी, काठमाण्डौं महानगर ३२ का विरेन्द्र खड्का,बागलुङ नगरपालिका १ का महेन्द्र प्रसाद कँडेल, पोखरा १२ का डिलाराम लामिछाने र पोखरा १० का कृष्ण शर्मा तिमिल्सिना रहेका छन्। पहिलो पटक आव्हान गरिएको विज्ञापनमा पत्रिकामा ठिकै भए पनि वेवसाइडमा नेपाली नागरिक हुनु पर्नेमा प्रदेशका नागरिक भन्ने हुन गएकोमा पुनः दोश्रो पटक दरखास्त निवेदन आव्हान गरिएको परिषदका का.वा.सदस्य सचिव घनश्यँाम पौडेले बताए। अदालतमा रिट निवेदन पेश भएकोले अदालतको आदेश अनुसार पुनः विज्ञापन गरी दरखास्त आव्हान गरिएको उनले जनाए।

# 'रोटरी क्लब अफ गण्डकी' रोटरी इन्टरनेशनलमा दर्ता

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत



'रोटरी क्लब अफ गण्डकी' अन्तरराष्ट्रिय क्लब रोटरी इन्टरनेशनलमा दर्ता भएको छ।

रोटरी क्लब अफ बुटवल चौतारीको प्रायोजनमा ४४ जना चार्टर सदस्यसहित 'रोटरी क्लब अफ गण्डकी' दर्ता भएको हो।

सामाजिक काममा क्रियशिल रोटरी इन्टरनेश्नलमा 'रोटरी क्लब अफ गण्डकी' दर्ता भएसँगै सो क्लबको अध्यक्षको (चार्टर प्रेसिडेन्ट) जिम्मेवारी युवा व्यवसायी किसान सुनारले पाएका छन्। यस्तै प्रेसिडेन्ट इलेक्टमा सुवास ढुंगाना, प्रेसिडेन्ट नोमिनीमा निर्देशन कुमार चुल्याजु, भाइस प्रेसिडेन्टमा डा. सञ्जय कोइराला, सेक्रेटरीमा नवराज आचार्य, ट्रेजरीमा तारानाथ ढुंगाना, जेटी सेक्रेटरीमा कृष्ण प्रसाद तिमिल्सिना, जेटी ट्रेजरीमा कमल विश्वकर्मा, क्लब एड्मिनिस्ट्रेसनको चेयरमा राजु कुमार पौडेल, मेम्बर सिपको चेयरमा किसान गिरी, पब्लिक रिलेसनको चेयरमा शान्ता बहादुर लामिछाने रहेका छन्। क्लबको सर्भिस प्रोजेक्टको चेयरमा ज्ञान बहादुर नेपाली, द रोटरी फाउण्डेशनको चेयरमा डा. दिनेश कुमार विक, सर्जेन्ट एटीआर्मसमा तारानाथ भण्डारी, इडिटरमा कमिल खान, न्यू जेनेरेसनमा गौतम सुनार र फण्ड राइजिङको चेयरको जिम्मेवारी पूर्ण बहादुर लामगादेले सम्हाल्ने छन्। उक्त क्लब नेतृत्वको जिम्मेवारी पाएसँगै स्वार्थ भन्दा माथि उठेर सधैं सामाजिक सेवामा लागिरहने चार्टर प्रसिडेन्ट किसान सुनारले बताए। 'रोटरी क्लब अफ गण्डकी विधिवत रुपमा दर्ता भएका छौं, सुनारले भने, 'आगामी दिनमा हाम्रो सिङ्गो टिम स्वार्थ भन्दामाथि उठेर सामाजिक काममा लागिरहने छौं।' शिक्षा, स्वास्थ्य पहुँच, बालअधिकार, अर्थतन्त्र, वातावरण, आधारभूत आवश्यकता तथा सामाजिक कार्यमा क्रियाशिल रोटरी क्लब नेपाल- भुटान डिस्ट्रिक्ट ३२९२ भित्र १ सय ६५ वटा क्लब छन् भने विश्वभर करिब ४६ हजार बढी क्लबहरु सक्रिय छन्।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पातीहाल्नेमा बढ्यो पर्यटकको चहलपहल

**रासस**
बागलुङ, १७ चैत

राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको मध्यपहाडी लोकमार्गमा पर्ने पातीहाल्नेमा पछिल्लो समय आन्तरिक पर्यटकको चहलपहल बढेको छ। बागलुङ, पूर्वीरुकुम र रोल्पाको सङ्गमस्थल पातीहाल्नेमा गर्मीयाम सुरु भएपछि दिनप्रतिदिन यहाँ आउने पर्यटकको सङ्ख्या बढ्न थालेको छ।

चिसो हावापानी, शान्त वातावरणका कारण यहाँ पर्यटक पुग्ने गरेका हुन् । छेउमै रहेका रिगताल र तिलाचन तालले गर्दा पातीहाल्नेमा आगन्तुकको चहलपहल बढी हुने गरेको छ। बागलुङ र पूर्वीरुकुम दुवैतर्फबाट सहजरूपमा यहाँ आउन सकिने हुँदा पर्यटकको रोजाइमा पातीहाल्ने पर्न थालेको हो।

रिगताल बागलुङको निसीखोला गाउँपालिका-६ मा पर्छ भने तिलाचन ताल रोल्पाको सुनछहारी गाउँपालिका-१ मा पर्छ । पातीहाल्नेबाट १५ मिनेटको पैदलयात्रामा रिगताल पुग्न सकिन्छ भने आधा घन्टामा तिलाचन ताल पुग्न सकिन्छ।

रिगतालसम्म मोटरबाटो पुगेको हुँदा आगन्तु गाडीमा पनि पुग्न सक्छन् । बाह्रै महिना पर्यटकले भरिने पातीहाल्ने यो समय अझ बढी आएको निसीखोला गाउँपालिका-६ का अध्यक्ष हेमबहादुर बुढामगर (सूर्यमान)ले बताउनुभयो । सामाजिक सञ्जाल तथा विभिन्न सञ्चारमाध्यममा यी ठाउँको प्रचार-प्रसार तीव्ररूपमा भएको हुँदा पातीहाल्ने पर्यटकको रोजाइमा परेको बताउनुभयो । केही वर्ष अगाडि निसीखोला गाउँपालिकाले पातीहाल्नेबाट रिगतालसम्म सडक पुऱ्याए पनि अहिले सीमा विवादका कारण पर्यटन पूर्वाधार बन्न नसकेको अध्यक्ष बुढामगरको भनाइ छ।

"पहिले त यहाँका चर्चा खासै थिएन, जब मध्यपहाडी लोकमार्ग कालोपत्र भयो त्यसयता हजारौँ पर्यटक यहाँ आएर रमाउने गरेका छन्, ठाउँ निकै रमणीय छ, यहाँ थुप्रै पूर्वाधार निर्माण गर्नुपर्ने छ", अध्यक्ष बुढामगरले भन्नुभयो, "अहिले केही समस्या परेको हुँदा काम गर्न सकिएको छैन, समस्या समाधान भयो भने पालिकाले प्रदेश र केन्द्र सरकारसँग सहकार्य गरेर काम गर्नुपर्ने देखिएको छ।" स्थानीय वीरबहादुर विकले दैनिक डेढ सय बढी आन्तरिक पर्यटक घुम्न आउने गरेको बताउनुभयो। उहाँले हिउँसँग रमाउन र गर्मी छल्न आउनेको सङ्ख्या धेरै हुने गरेको बताउनुभयो। विकले यहाँ घुम्न आउनेले स्थानीय उत्पादन आलु, सिमी, भाँगो र चोयाबाट बनाइएका सामान किनेर लैजाने गरेको सुनाउनुभयो।

"यहाँ घुम्न आउने मान्छे एक ठाउँका मात्रै छैनन्, धेरै जिल्लाबाट आउने गर्छन्, कति टेन्ट टाँगेर दुई-चार दिन यही बस्ने रमाइलो गर्ने गर्छन्, यहाँ बस्दाखेरी लोकल कुखुरा, आलु किनेर यही नै पकाएर खान्छन्", उहाँले भन्नुभयो, "स्थानीयलाई पनि पैसा हुने भयो, दुई वर्ष जति भयो धेरै मान्छेहरू आउन थालेको ।"यो याममा त अझ वरपर फुलेका लालीगुराँसले धेरैको मन लोभ्याउने गरेको छ । पातीहाल्ने पुग्ने अधिकांश पर्यटक रिगताल र तिलाचन तालमा पुग्छन् । सडकको सहज पहुँच भएको हुँदा बर्खामा पनि यहाँ पर्यटकको कमी हुँदैन।

पूर्वीरुकुमबाट घुम्न आएका शिवकुमार खड्काले सडक सहज भएको हुँदा आफू पटक-पटक घुम्न आएको बताउनुभयो। लोकमार्गमा यात्रा गर्दा पूर्वीरुकुमबाट लुकुमगाउँ हुँदै पातीहाल्नेसम्म अनेकौँ सुन्दर दृष्य अवलोकन गर्न सकिने हुँदा लामो बिदा पर्दा घुम्न आइराख्ने बताउनुभयो।

"पाँच-छ वर्ष अगाडि यहाँ एकपटक आएको थिएँ, यस्तो चहलपहल थिएन, यहाँ घर पनि बनेका थिएनन्, सुनसान थियो, अहिले यो ठाउँ निकै फेरिएको छ, अलि चोसो ठाउँ हो भयो, त्यही भएर गर्मी ठाउँबाट धेरै आउने गरेको पाइन्छ," खड्काले भन्नुभयो, "मुख्य कुरा त विकास नै रैछ, यो सडक नबनेको भए यो ठाउँ ओझेलमै हुन्थ्यो, तर अब उत्कृष्ट गन्तव्य मध्यमा पर्छ यो ।" यो स्थानमा बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङबाट एक घन्टामै पुग्न सकिन्छ । बिदाको दिन करिब तीन सय पर्यटक यहाँ पुग्ने गरेको स्थानीयको भनाइ छ।

# सामुदायिक वन महासंघ रुपाको अध्यक्षमा खड्का

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत



सामुदायिक वन उपभोक्ता महासंघ नेपाल रुपा गाउँपालिको दोश्रो अधिवेशनले तिल बहादुर खड्काको अध्यक्षतामा १४ सदस्य नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ।

समितिको उपाध्यक्षमा गोपिनाथ सुवेदी, सचिव देवी सुवेदी न्यौपाने, कोषाध्यक्ष वन्दना पोखेल एवम् सदस्यहरुमा प्रज्वल शर्मा, सोम सुनारी, वद्री ओझा,सृजना ओझा,पवित्रा पुरी, रामराज घिमिरे, राजमी दर्जी,मोनिमाया गुरुङ,पुर्णिमा गुरुङ र सितादेवी पौडेल निर्वाचित हुनु भएको छ। त्यसैगरि जिल्ला अधिवेशन प्रतिनिधि अप्सरा पगेनी, विमना खनाल, शिवदेवी भुजेल, आरती भुजेल, बुद्धिबहादुर घिमिरे, तिर्थराज पौडेल, प्रेमबहादुर गुरुङ र यदुराज सिं र प्रदेश प्रतिनिधिमा पवित्रा गौली, सरिता कुमाल, विन्दु मल्ल, देवी खड्का, कालिदास सुवेदी, लालबहादुर विक, अमृत बहादुर आचार्य र सवावक्स मिया छनोट हुनुभएको हो । गाउँपालिका महासंघ गण्डकी प्रदेशका अध्यक्ष एवम् रुपा गाउँपालिका अध्यक्ष नवराज ओझाले अधिवेशनको उद्घाटन गर्दै वनको संरक्षण, प्रवर्द्धन र उपयोग गर्दै आएका सामुदायिक वन समुह स्थानीय तहमा आवद्ध हुने निती आवश्यक रहेको बताउनुभयो। गाउँपालिकाले वन समुहलाई गरेको आर्थिक सहयोग कार्ययोजनाको कारण कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उहाँले प्राकृतिक श्रोतको व्यवस्थापन स्थानीय तहबाटै गरिनु पर्ने आवश्यकता औल्याउनुभयो । बाँदर आतङकले खेती नोक्नासमात्र होइन वस्तिनै खाली हुने अवस्थामा पुगेको बताउँदै उहाँले भन्नुभयो, इकोस्टिमलाई आवश्यक भन्दा बढी बन्यजन्तुको उपयुक्त व्यवस्थापन गर्नुको विकल्प छैन । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमालले महिला नेतृत्व विकासमा वन समुहको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो । महासंघ केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरि बास्तोलाले काठको विकल्प खोज्नेतर्फ वन समूहको ध्यान जानुपर्नेमा जोड दिंदै प्राकृतिक श्रोतबाट समृद्धि प्राप्ति गर्न वन निती वाधक रहेको उल्लेख गर्नुभयो।

गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले मुलुकलाई विश्वसामु परिचित गराउन सफल सामुदायिक वनको माध्यमवाट हरित रोजगार सिर्जना गर्दै समृद्धिको अभियानमा जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो। रुपमा गाउँपालिका महासँघका अध्यक्ष बुद्धि बहादुर घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछाने, रुपमा ७ का वडाअध्यक्ष कृष्ण सुवेदी, गाउँ महासंघ सदस्य विमला खनाल लगायतले वन्यजन्तु व्यवस्थापनमा सम्वन्धित निकाय सचेत हुनु पर्नेमा जोड दिनुभएको थियो।


# सामुदायिक वन महासंघ रुपाको अध्यक्षमा खड्का

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल रुपा गाउँपालिको दोश्रो अधिवेशनले तिल बहादुर खड्काको अध्यक्षतामा १४ सदस्य नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ।

समितिको उपाध्यक्षमा गोपिनाथ सुवेदी, सचिव देवी सुवेदी न्यौपाने, कोषाध्यक्ष वन्दना पोखेल एवम् सदस्यहरुमा प्रज्वल शर्मा, सोम सुनारी, वद्री ओझा,सृजना ओझा,पवित्रा पुरी, रामराज घिमिरे, राजमी दर्जी,मोनिमाया गुरुङ,पुर्णिमा गुरुङ र सितादेवी पौडेल निर्वाचित हुनु भएको छ।

त्यसैगरि जिल्ला अधिवेशन प्रतिनिधि अप्सरा पगेनी, विमना खनाल, शिवदेवी भुजेल, आरती भुजेल, बुद्धिबहादुर घिमिरे, तिर्थराज पौडेल, प्रेमबहादुर गुरुङ र यदुराज सिं र प्रदेश प्रतिनिधिमा पवित्रा गौली, सरिता कुमाल, विन्दु मल्ल, देवी खड्का, कालिदास सुवेदी, लालबहादुर विक, अमृत बहादुर आचार्य र सवावक्स मिया छनोट हुनुभएको हो । गाउँपालिका महासंघ गण्डकी प्रदेशका अध्यक्ष एवम् रुपा गाउँपालिका अध्यक्ष नवराज ओझाले अधिवेशनको उद्घाटन गर्दै वनको संरक्षण, प्रवर्द्धन र उपयोग गर्दै आएका सामुदायिक वन समुह स्थानीय तहमा आवद्ध हुने निती आवश्यक रहेको बताउनुभयो। गाउँपालिकाले वन समुहलाई गरेको आर्थिक सहयोग कार्ययोजनाको कारण कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उहाँले प्राकृतिक श्रोतको व्यवस्थापन स्थानीय तहबाटै गरिनु पर्ने आवश्यकता औल्याउनुभयो । बाँदर आतङकले खेती नोक्नासमात्र होइन वस्तिनै खाली हुने अवस्थामा पुगेको बताउँदै उहाँले भन्नुभयो, इकोस्टिमलाई आवश्यक भन्दा बढी बन्यजन्तुको उपयुक्त व्यवस्थापन गर्नुको विकल्प छैन । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमालले महिला नेतृत्व विकासमा वन समुहको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो।

महासंघ केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरि बास्तोलाले काठको विकल्प खोज्नेतर्फ वन समूहको ध्यान जानुपर्नेमा जोड दिंदै प्राकृतिक श्रोतबाट समृद्धि प्राप्ति गर्न वन निती वाधक रहेको उल्लेख गर्नुभयो । गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले मुलुकलाई विश्वसामु परिचित गराउन सफल सामुदायिक वनको माध्यमवाट हरित रोजगार सिर्जना गर्दै समृद्धिको अभियानमा जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो । रुपमा गाउँपालिका महासँघका अध्यक्ष बुद्धि बहादुर घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछाने, रुपमा ७ का वडाअध्यक्ष कृष्ण सुवेदी, गाउँ महासंघ सदस्य विमला खनाल लगायतले वन्यजन्तु व्यवस्थापनमा सम्वन्धित निकाय सचेत हुनु पर्नेमा जोड दिनुभएको थियो।


# व्यवसायीको दु:खेसो : अब त सापटी माग्ने ठाउँ पनि छैन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

कोभिड-१९ का कारण पर्यटन व्यवसायमा परेको प्रभावसँगै बढेको बैङ्क ब्याजदरलगायतका कारण यतिखेर पर्यटन व्यवसायी मर्कामा परेका छन् । नेपाल सरकारले अत्यधिक मारमा परेको क्षेत्रका रुपमा पर्यटन व्यवसायलाई राखे पनि सरकारका सहुलियत, राहत तथा अनुदानका प्याकेज व्यवसायीले अनुभूति गर्न नपाएको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो।

केही व्यवसायीले सहुलियत ब्याजदर पाए पनि छोटो समयका लागि दिइएको त्यो सहयोग अपुग भएको व्यवसायीको गुनासो रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । यस आर्थिक वर्षमा सरकारले नीतिगतरुपमा नसमेटेका कारण देखाउँदै बैङ्क तथा वित्तीय संस्थाले व्यवसायीका दायित्वलाई चैत्र मसान्तसम्मको त्रैमासिक अन्त्यमा मिलान गर्नुपर्ने गरी व्यवसायीलाई गरिएको ताकेताले त्रसित गराएको उहाँले बताउनुभयो । "पर्यटन क्षेत्रका लगानीलाई कोभिड सङ्क्रमण अवधिभरको ब्याज मिनाह गर्न र कोभिड प्रभावित समयमा तिरेको ब्याजमा छुट गरी फिर्ता गर्नुपर्ने हाम्रो माग छ", उहाँले भन्नुभयो, "स्थिति सुध्रने आशमा हरेक त्रैमासिक अन्त्यमा सरसापट गरी बैङ्कको किस्ता मिलान गर्दै धानेर बसेका व्यवसायीमा अब त सापटी माग्ने ठाउँ पनि छैन।" सङ्कटको यस अवस्थामा व्यवसायीलाई संरक्षण गरिनुपर्ने अवस्था रहेको बताउँदै अध्यक्ष श्रेष्ठले व्यवसाय धान्नका लागि सञ्जिवनी बुटी आवश्यक रहेको बताउनुभयो।

बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिएर व्यवसाय सञ्चालन गरेका व्यवसायीले चैत मसान्तको त्रैमासिक अन्त्यमा कुनै पनि प्रकारको दायित्वलाई मिलान गर्ने अवस्था नरहेकोले कर्जाको भुक्तानी तालिकालाई अर्को असार मसान्तसम्मलाई पुर्नतालिकीकरण गर्नुपर्ने व्यवसायीको माग छ। अघिल्ला वर्ष सरकारले ल्याएका पुनःकर्जा कोष, पुनःतालिकीकरण र व्यवसायी निरन्तरता कोषजस्ता सुविधाको समयावधि न्यूनतम तीन वर्ष हुनुपर्ने उल्लेख गर्दै पोखराका पर्यटन व्यवसायीको छाता सङ्गठन पोखरा पर्यटन परिषद्ले सुविधा नविकरण सुविधाबाट वञ्चित व्यवसायीलाई यस आर्थिक वर्षमा नै उपलब्ध गराउनुपर्ने माग गरेको हो।

# कालिका कपको उपाधि नेपाल पुलिस क्लबलाई

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ चैत

चैते दसैं मेलाका अवसरमा बागलुङमा आयोजित सर्वाधिक राशिको 'कालिका भलिबल कप' को उपाधि नेपाल पुलिस क्लबले जितेको छ।

पुलिस क्लबले घुम्टे गलकोटलाई ३-२ सेटमा पराजित गर्दै उपाधि जितेको हो । शुक्रबार बालिका बाल उद्यानमा भएको खेलमा पुलिस क्लबले दोस्रो २५-१८, चौथो २५-२३ र पाँचौं सेट १५-९ ले जित्यो । पहिलो र तेस्रो सेट घुम्टे गलकोटले जितेको थियो। प्रतियोगितामा विजेता बनेको नेपाल पुलिस क्लबले रु तीन लाख र उप-घुम्टे गलकोटले रु एक लाख पचास हजार हात पारेका छन्। यही चैत १३ गतेदेखि सञ्चालन भएको खेल शुक्रबार दिउँसो सकिएको हो । भलिबल प्रतियोगितामा देशभरबाट १३ समूहको सहभागिता रहेको चैते दसैं मेला भलिबल खेलका व्यवस्थापक किशोर छन्त्यालले जानकारी दिनुभयो । चैते दसैंका अवसरमा हरेक वर्ष यहाँ ठूलो मेला लाग्ने गर्छ।


## एउटै व्यक्ति भएको सूचना

कास्की जिल्ला अन्नपूर्ण गा.पा वडा न. ८ निवासी भारतिय भु.पु. सैनिक न. ५८४२२५१ भएका नायक धन बहादुर गुरुङको श्रीमति विष्णु कुमारी गुरुङको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर विष्णु कुमारी गुरुङ भएको र जन्म मिति २०१६ साल ४ महिना १२ गतेमा भएको र भारतीय भु.पु सैनिकको पेन्सन पट्टामा नाम थर विष्णु कुमारी भएको साथै जन्म मिती 14 Nov 1955 मा भएर फरक परेतापनि माथि उल्लेख गरिएको नाम थर र जन्म मिति उही र एउटै व्यक्ति विष्णु कुमारी गुरुङ नै हो भनि सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



धन बहादुर गुरुङ    विष्णु कुमारी गुरुङ



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
२००१ पौष १४ गते

स्वर्गारोहणः
२०७९ चैत्र ६ गते

स्व. लक्ष्मण कुमार रन्जित

हाम्रा आदरणीय दाजु रामबजार, पोखरा १० श्रीकृष्ण मन्दिर निवासी रामबजार तायाः मचाः नाच समिति रामबजार १०/१५ का सहयोगी सदस्य, रामबजार नेवाः मिसाः पुच रामबजार १०/१५ का सदस्य राममाया रन्जितका पुजनीय पति, ज्वाला रन्जित, उज्ज्वल रन्जित र प्रज्वल रन्जितका बुबा **लक्ष्मण कुमार रन्जित**को ७८ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी रामबजारबासी अति मर्माहत भएका छौ । यस दुःखद घडिको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**नारायण श्रेष्ठ**
कार्यवाहक अध्यक्ष एवं
रामबजार तायाः मचाः नाच समिति
रामबजार १०/१५ पोखरा परिवार

**अम्बिका राजभण्डारी**
अध्यक्ष तथा
रामबजार नेवाः मिसा पुचः
रामबजार १०/१५ पोखरा परिवार

